# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, जेठ १७ गते २०३४ साल [ संख्या ७


श्री ५ को सरकार

### परराष्ट्र मन्त्रालयको

### सूचना

पर्वतारोहणसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०३४

पर्वतारोहणसम्बन्धी नियमावली, २०३२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पर्वतारोहणसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०३४" रहेको छ ।

२. पर्वतारोहणसम्बन्धी नियमावली, २०३२ को नियम ३ मा संशोधनः पर्वतारोहणसम्बन्धी नियमावली, २०३२ को नियम ३ को उप–नियम (२) मा रहेको "एक वर्ष" भन्ने शब्दहरूको सट्टा "कम्तीमा ६ महीना" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले–
उद्धवदेव भट्ट
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

122

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।